"स्वस्च्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com

## सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरको फोहरमैला व्यवस्थापनको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हानको सूचना।

प्रथम पटक प्रकाशन मिति : २०८०/०४/२८

सार्वजनिक निजी साझेदारी(PPP) अवधारणा अनुसार यस लालबन्दी नगरपालिका क्षेत्रको वडा नं. १, २, ५, ६, ७, ८, ९, १० र १७ मा र आवश्यकता अनुसार तथा कार्यालयले निर्देशन गरे बमोजिम नगरपालिकाको अन्य वडामा रहेका व्यापारिक, आवासीय क्षेत्रका भवन, घर तथा पसल, व्यापार व्यवसाय, उधोग प्रतिष्ठान लगायत अन्य संस्थागत क्षेत्रमा नियमित रुपमा घरदैलो फोहर संकलन सेवा दिने र सफाईबाट निस्कने फोहरको संकलन, ढुवानी र विसर्जन गर्ने कार्य आ.व.२०८०/०८१ बाट आ.व.२०८५/०८६ सम्म (पाँच वर्ष) को लागि निजी साझेदारहरु छनौट गरी गर्नुपर्ने भएकोले उल्लेखित कार्यका लागि ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना र प्रस्तावना फाराममा उल्लेखित शर्तको अधिनमा रही आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सर्तहरु :**

१. प्रस्ताव आव्हान सम्वन्धी कागजपत्रको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र चालु आ.व.मा नविकरण गरेको इजाजत पत्र, कर चुक्ता प्रमाण पत्र एंव मूल्य अभिवृद्धि दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ राजश्व शाखाबाट रु.३०००/-(तीन हजार मात्र) दस्तुर तिरेको रसिद सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

२. प्रस्ताव पेश गर्ने फर्म तथा कम्पनीले फोहरमैला संकलन, विसर्जनको क्षेत्रमा कम्तिमा १ बर्ष काम गरेको कार्य अनुभवको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

३. फोहरमैला संकलन र विसर्जनमा प्रयोग हुने सवारी साधनको संख्या र साधनको प्रकार सहितको विवरण प्रस्तावका साथ पेश गर्नु पर्नेछ।

४. फोहरमैला संलकन र विसर्जनको लागि आर्थिक, प्राविधिक र जनशक्ति सहितको विवरण प्रस्तावका साथ पेश गर्नु पर्नेछ।

५. सेवाग्राहीबाट सरसफाई शूल्क संकलन गरिने तरिका, अनुमानित खर्च विरवण, लागत/लाभ विश्लेषण तथा लाभको बाँडफाँटको तरिका समेतको प्रस्ताव पेश गर्नु पर्नेछ।

६. अन्य विस्तृत विवरण तथा प्रस्तावको नमूना यस कार्यालयको वेभ साईट www.lalbandimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत